# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
## हेटौंडा, मकवानपुर

## वन विज्ञान (Forestry) विषयको स्नातक तहमा भर्ना सम्वन्धि सूचना

शैक्षिक सत्र २०७०-२०७४ का लागि यस विश्वविद्यालय अन्तर्गत वन विज्ञान स्नातक (B.Sc. Forestry) तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट आवेदन आह्वान गरिन्छ । आवेदकले आवेदन फारामसाथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयवाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपी समेत पेश गर्नुपर्नेछ । विदेशबाट परीक्षा उत्तीर्ण गरेको भए Migration Certificate तथा समकक्षता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१. **आवेदन फाराम विक्री र वुझाउने अवधि :** २०७०/५/१३ देखि २०७०/५/३१ सम्म ।

२. **प्रवेश परीक्षा :** २०७० आश्विन ५ गते शनिवार दिनको ११ वजे यस संकायमा हुनेछ ।

३. **प्रवेशपत्र वितरण :** २०७० साल आश्विन ४ गते शुक्रबारदेखि वितरण गरिनेछ ।

४. **आवेदन फाराम शुल्क र प्रवेश परीक्षा शुल्क :** रु.१,५००।- (एक हजार पाँच सय) एकमुष्ट (फाराम शुल्क रु.५००।- + प्रवेश परीक्षा शुल्क रु.१,०००।-) लाग्नेछ ।

५. **आवेदन फाराम लिन, वुझाउन वा थप जानकारीको लागी सम्पर्क गर्न सकिने स्थानहरु :**
   - (क) वन विज्ञान संकाय, हेटौंडा, मकवानपुर (फो.नं. ०५७-५२७३५४)
   - (ख) कृषि तथा वन विज्ञान विश्वविद्यालय, केन्द्रिय कार्यालय, भरतपुर, चितवन (फो.नं.०५६-५२०६०२)
   - (ग) कृषि तथा वन विज्ञान विश्वविद्यालय, सम्पर्क कार्यालय, विनायक, ध्रुवमार्ग, मीनभवन, काठमाण्डौ (फोन.नं.०१-४१०६२४७)
   - (घ) यस विश्वविद्यालयको website: www.afu.edu.np वाट आवेदन फाराम डाउनलोड गरी वा Online Submission गर्न पनि सकिनेछ ।

६. **आवश्यक न्युनतम शैक्षिक योग्यता :** एस.एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण भई आई.एस्सी. (विज्ञान) वा १०+२ (विज्ञान) वा वन विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तिमा ५०% (पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ ।

७. संलग्न हुनुपर्ने आवश्यक कागजात अपुग भएको वा हुलाकबाट पठाइएको वा तोकिएको स्थानहरु बाहेक अन्य ठाउँमा दर्ता गरिएको वा बुझाएको आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन ।

८. **भर्ना संख्या :-**

वि.एस्सी. Forestry तहमा वन विज्ञान समुह र विज्ञान समुह गरी कुल ८० जना भर्ना लिईनेछ ।

| **क्र.सं.** | **कोटा** | **वन विज्ञान समुह** | **विज्ञान समुह** | **जम्मा** |
|---|---|---|---|---|
| (क) | मेरीट | १८ | १८ | ३६ |
| (ख) | पिछडिएको क्षेत्रको सामुदायिक स्कूललाई नभए वोर्डिङ स्कूल | ५ | ५ | १० |
| (ग) | दलित | १ | १ | २ |
| (घ) | जनजाती | १ | १ | २ |
| (ङ) | मधेशी | १ | १ | २ |
| (च) | छात्रा | १ | १ | २ |
| (छ) | अपाङ्ग | १ | १ | २ |
| (ज) | शहिद परिवार | १ | १ | २ |
| (झ) | द्वन्द पिडित | १ | १ | २ |
| (ञ) | स्टाफ कोटा (सहुलियत) | १ | १ | २ |
| (ट) | स्टाफ कोटा (पूर्णशुल्कीय) | १ | १ | २ |
| (ठ) | पूर्ण शुल्क (UDF) | ८ | ८ | १६ |
| | **जम्मा** | **४०** | **४०** | **८०** |

नेपाल सरकार, वन अनुसन्धान तथा सर्वेक्षण विभाग लगायत सरकारी अर्धसरकारी संस्थावाट **मनोनयन भई आउने मनोनयी**लाई कोटामा समावेश गरीनेछैन । **स्टाफ कोटा**कालागि कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ बमोजिम समावेश भएका कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, डीनको कार्यालय, रामपुर; रामपुर क्याम्पस, रामपुर र वन क्याम्पस, हेटौडामा कार्यरत शिक्षक/कर्मचारीहरुका (**हाल यस विश्वविद्यालयमा समायोजन भईसकेका**) आश्रित मध्येवाट श्रीमान वा श्रीमती / छोरा वा छोरी मध्येवाट नियमानुसार आवेदन दिएका र प्रवेश परिक्षा उर्तिण गरेका सम्पूर्ण मध्येवाट योग्यताक्रम (Merit) का आधारमा निर्धारित कोटा अनुसार भर्ना लिइने छ ।

९. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, पिछडीएको क्षेत्रका विद्यार्थीहरुकोलागि केही सिट छुट्याईएको छ । पिछडीएको क्षेत्रको कोटाकालागि पूर्ण सरकारी अनुदानमा सञ्चालित सामुदायिक माध्यामिक विद्यालयबाट एस.एल.सी. परीक्षा उत्तिर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना पाउन इच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. परीक्षा उत्तिर्ण गरेको विद्यालय पुर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पत्र आवेदन फाराम साथ संलग्न गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फाराम उपर पिछडीएको क्षेत्र कोटाका लागि थप कारवाही गरिने छैन । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीहरुलाई योग्यताक्रमको आधारमा निर्धारित कोटा अन्तर्गत भर्ना लिइनेछ। छात्रा कोटा र पिछडीएको कोटा वाहेक अन्य कोटामा भर्ना हुन ईच्छुक विद्यार्थीहरुले आवेदन फर्मसंग निम्नानुसार कोटाका लागि निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढांचामा

नियमानुसार आवेदन दिनुपर्नेछ । साथै उक्त कोटाका लागि भर्ना हुन इच्छुक भई आवेदन दिने आवेदकहरुमध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिईनेछ ।

**तपसिल**

| क्र.सं. | कोटा | सिफारिस गर्ने निकाय | क्र.सं. | कोटा | सिफारिस गर्ने निकाय |
|---|---|---|---|---|---|
| १. | दलित | राष्ट्रिय दलित आयोग | २. | शहिद परिवार | नेपाल सरकार |
| ३. | जनजाती | आदिवासी जनजाती राष्ट्रिय महासंघ | ४. | द्वन्द पिडित परिवार | नेपाल सरकार |
| ५. | अपाङ्ग | बालबालिका, महिला तथा समाज कल्याण मन्त्रालय | ६. | मधेशी | सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| ७. | स्टाफ | सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्र | | | |

१०. **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्कभार दिइनेछ । सोको आधारमा योग्यताक्रम सूचि तयार गरी योग्यताक्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५०% हुनेछ ।

११. प्रमाणपत्र तहका निम्न विषयहरु र प्रश्न संख्या प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नपत्रहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । समय अवधि २ घण्टाको हुनेछ ।

**वन विज्ञान समूहतर्फ प्रशन संख्याः-**

(क) अंग्रेजी - २०, (ख) गणित - २०, (ग) वन विज्ञान - ६०

**विज्ञान समूहतर्फ प्रशन संख्याः-**

(क) अंग्रेजी - २५, (ख) केमेष्ट्री - २५, (ग) फिजिक्स - २५, (घ) गणित वा वायोलोजी - २५

१२. आरक्षित कोटाका भर्ना हुने विद्यार्थी संख्या अपुग भएमा मेरीट कोटामा जोडिने छ ।

१३. UDF (University Development Fund) अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनु पर्नेछ । साथै त्यस्ता आवेदकहरुमध्ये निर्धारित कोटाकोलागि योग्यताक्रम (मेरिट) को आधारमा भर्ना लिइने छ ।

१४. **पूर्ण शुल्क :** स्टाफ कोटा (पूर्णशुल्कीय) तथा पूर्ण शुल्क (UDF) कोटा अन्तर्गत भर्ना हुनेहरुले पूर्ण शुल्क वापत रु.२,००,०००।- (दुई लाख रुपैंया) भर्नाको बेला बुझाउनु पर्नेछ ।

१५. भर्ना हुन आउदा सम्पूर्ण सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा ल्याउनु पर्नेछ । साथै भर्ना भएका विद्यार्थीहरुलाई हाललाई छात्रावासको सुविधा उपलब्ध हुनेछैन ।

१६. विद्यार्थीहरुले कृ. व. वि. नामदर्ता (AFU Registration) गर्ने समयमा Original Migration Certificate अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Original Migration Certificate नबुझाई कृ. व. वि. नामदर्ता गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिनेछैन ।

**डीन**
वन विज्ञान संकाय, हेटौंडा